# सर्वोच्च अदालत, संयुक्त इजलास
## माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान
## माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
## आदेश
## ०७७-WO-०३०३

विषयः उत्प्रेषण, परमादेशसमेत।

| | |
|---|---|
| जिल्ला रौतहट, गा.बि.स. मिठुअवा, वडा नं.७ हाल माधव नारायण न.पा. वडा नं.५ घर भई माधव नारायण नगरपालिका रौतहटको स्वास्थ्य शाखाको हेल्थ इन्स्पेक्सन समूहको अधिकृत छैठौं तहमा समायोजन पदस्थापना भई कार्यरत दीपेन्द्रप्रसाद साह-------------------------------------------------------------------१ | निवेदक |

विरुद्ध

| | |
|---|---|
| माधव नारायण नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, माधोपुर, रौतहट---१ | विपक्षी |
| ऐ. नगरपालिकाको कार्यालय अन्तर्गत स्वास्थ्य चौकीको हे.अ. पाँचौं तहको दरबन्दीमा समायोजन पदस्थापना भई हाल छैठौं तहमा स्तरवृद्धि भएको राजेशप्रसाद यादव-------------------------------------------------------------------१ | |

नेपालको संविधानको धारा ४६ र धारा १३३(२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

### तथ्य खण्ड

१) म निवेदक अधिकृत छैठौं तह, सि.अ.हे.व.अधिकृत पदको कर्मचारी ५/६/७ तह पदको दरबन्दीमा पदस्थापित तथा कार्यरत कर्मचारी रहेको आधारमा म निवेदकको विपक्षी नगरपालिकाको कार्यालयको स्वास्थ्य शाखाको हे.ई. समूहको छैठौं तहको दरबन्दीमा मिति २०७६।०७।०३ को निर्णय र पत्रले पदस्थापना भएको हो र उक्त नगरपालिकाको स्वास्थ्य शाखामा समान सेवा समूहको सातौं तहको दरबन्दीसमेत रहेको तर उक्त दरबन्दीमा कुनै पनि कर्मचारीको समायोजन पदस्थापना नभएको कारण म निवेदक नै सिनियर कर्मचारीको हैसियतले स्वास्थ्य शाखाको संयोजकको

हैसियतले कामकाज तथा जिम्मेवारी निर्वाह गर्दै आएको हो तर विपक्षी राजेशप्रसाद यादव समायोजन हुँदा सहायक पाँचौं तह पदको कर्मचारी रहेकोमा निजको समायोजन विपक्षी नगरपालिका अन्तर्गत सहायक पाँचौं तहको दरबन्दी रहेको स्वास्थ्य चौकीमा समायोजन पदस्थापना नगरपालिकाको कार्यालयको मिति २०७६।६।२८ को निर्णय र मिति २०७६।७।३ को पत्रले गरिएकोमा सोही हैसियतले हालसम्म पनि कामकाज गर्दै आएको हो ।

विपक्षी राजेशप्रसाद यादवको छैठौं तहको स्तरवृद्धि नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा (१) अनुसार सोही ऐनको दफा ९(४) बमोजिम जुन तहबाट स्तरवृद्धि भएको हो सोही तहको काम गर्ने गरी मिति २०७७/०३/३१ को निर्णय र पत्रले भएको हो तर समायोजन पदस्थापना सहायक पाँचौं तहको मात्र भएको हो, निजको पाँचौं तहमा नियुक्ति पनि २०७१।९।२९ मा भएको तर म निवेदक पाँचौं तहको पदको दरबन्दीमा मिति २०६५।४।७ को निर्णयले पदस्थाना भएको र अधिकृत छैठौं तह मिति २०६९।९।१९ को निर्णयले नै भएको र समायोजन पदस्थापनासमेत मिति २०७४।४।२३ को स्वास्थ्य मन्त्रालयको निर्णय र पत्र तथा विपक्षी नगरपालिकाको कार्यालयको मिति २०७६/७।३ को निर्णय र पत्रले भएको हो।

यसरी विपक्षीको बदनियतपूर्ण, गैरकानूनी कार्यले म निवेदकलाई नेपालको संविधानको धारा १७ मा पेशा, रोजगार गर्ने स्वतन्त्रताको हक, धारा १८ मा समानताको हक, धारा २५ मा सम्पत्तिको हक, धारा २७ मा सूचनाको हक, धारा ३३ मा रोजगारीको हक, धारा ४२ मा सामाजिक न्यायको हकको रुपमा प्राप्त मौलिक हक हनन् हुनुको साथै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४, दफा ५, दफा ७, दफा ८ एवं नेपाल स्वास्थ्य सेवा ऐनको दफा ९, ९(४), १७ समेतद्वारा प्रदत्त कानूनी हक विपक्षीको कार्यले हनन् हुन गएको हुँदा ती हकहरु प्रचलन गराउने अन्य कुनै कानूनी तथा वैकल्पिक एवं प्रभावकारी उपचारको बाटोसमेत नभएको हुनाले प्रस्तुत निवेदन लिई उपस्थित भएको छु । नेपालको संविधानको धारा ४६ र धारा १३३(२), (३) बमोजिम म निवेदकको प्राप्त पदीय मान मर्यादामा आघात पर्ने गरी विपक्षी माधव नारायण नगरपालिकाको कार्यालयले मिति २०७७।०६।०८ को पत्रबाट म निवेदक छैठौं तहमा समायोजन पदस्थापना भएको कर्मचारी हालसम्म स्वास्थ्य शाखा प्रमुख

तथा संयोजकको रुपमा कामकाज गर्दै आएको जिम्मेवारीबाट वञ्चित गर्ने गरी मलाई बरबुझारथ गर्नू र मभन्दा जुनियर तथा मातहतको विपक्षी राजेशप्रसाद यादव पाँचौं तहमा समायोजन पदस्थापना तथा दरबन्दीको कर्मचारीलाई स्वास्थ्य शाखा प्रमुख तथा संयोजकको जिम्मेवारी दिई निजको मातहतमा सहसंयोजक भई कामकाज गर्ने गरी दिएको पत्र संविधान एवं कानून अनुरुप तथा न्यायसंगत नरहेकोले उक्त पत्र र सो सम्पूर्ण काम कार्वाही उत्प्रेषणको आदेशद्वारा बदर गरी नेपाल स्वास्थ्य सेवा ऐनको दफा ९, दफा ९(४) को कानूनसमेतलाई मध्यनजर गर्नुको साथै समायोजन ऐनको दफा दफा ३ बमोजिमको स्वीकृत दरबन्दीभित्र ऐ. ऐनको दफा ४(१) को विवरणको आधारमा ऐ.ऐनको दफा ५ बमोजिम दिएको निवेदनको आधारमा स्थानीय तहको संगठन संरचना तथा दरबन्दीमा सेवा सञ्चालन गर्ने निकाय स्वास्थ्य मन्त्रालयले दफा ८ बमोजिम गरिएको समायोजन र सोही आधारमा नगरपालिकाको दरबन्दीमा भएको पदस्थापनाको आधारमा मर्यादाक्रमसमेतलाई आधार बनाई जेष्ठ तथा सिनियर कर्मचारीलाई स्वास्थ्य शाखाको प्रमुख तथा संयोजकको जिम्मेवारी दिनू, दिलाउनू भनी विपक्षीको नाममा परमादेशको आदेश जारी गरी पाउँ ।

विपक्षी माधव नारायण नगरपालिकाको कार्यालयले मिति २०७७/०६/०८ को पत्रले कर्मचारीहरुको मर्यादाक्रमलाई भंग गर्ने गरी पेशागत मान मर्यादामा ठूलो आघात हुने गरी गरिएको कार्यले नेपालको संविधानको धारा १७ मा पेशा, रोजगार सम्बन्धी मौलिक हक हनन् हुनुको साथै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४, दफा ५, दफा ७, र दफा ८ र नेपाल स्वास्थ्य सेवा ऐनको दफा ९, ९(४) द्वारा प्रदत्त कानूनी हक हनन् हुन गई विपक्षीको कार्य प्रथमदृष्टिमा नै गैरकानूनी एंव गैरन्यायिक रही बदरयोग्य रहेको र विपक्षीको उक्त गैरकानूनी एंव गैरन्यायिक पत्र कार्यान्वयन भएको खण्डमा म निवेदकको मान मर्यादामा ठूलो आँच आउने भई अपूरणीय क्षति पुग्ने भएको हुनाले सुविधा सन्तुलनको दृष्टिकोणले विपक्षी माधव नारायण नगरपालिकाको मिति २०७७/०६/०८ को पत्र प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म कार्यान्वयन नगरी म निवेदकलाई पूर्ववत् रुपमा कामकाज गर्न दिनु दिलाउनु भनी विपक्षीहरुको नाममा अन्तरिम आदेशसमेत जारी गरी पाउँ भन्ने बेहोराको निवेदक दीपेन्द्रप्रसाद साहको यस अदालतमा परेको निवेदनपत्र।

२) यसमा के कसो भएको हो ? निवेदकहरुको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षी नं.१ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी नं.२ का हकमा आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्ने भनी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

निवेदनमा अन्तरिम आदेश जारी गर्न माग भएको सन्दर्भमा विचार गर्दा, दुवै पक्ष राखी छलफल गर्नु उपयुक्त हुने देखिएकोले सो प्रयोजनको लागि मिति २०७७/७/२४ गते पेशी तोकी सोको सूचना विपक्षीहरुलाई दिनू। उपरोक्तबमोजिम अन्तरिम आदेश सम्बन्धमा छलफल नभएसम्मको लागि माधव नारायण नगरपालिकाको मिति २०७७।६।८ को पत्र कार्यान्वयन नगर्नू, नगराउनू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(३)(ख) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ। कानूनबमोजिम गर्नू भन्ने यस अदालतको मिति २०७७।७।३०।६ को आदेश।

३) यसमा निवेदक दीपेन्द्रप्रसाद साह र विपक्षीमध्ये राजेशप्रसाद यादवलाई माधव नारायण न.पा.ले मिति २०७६।७।३ मा एकैदिन निवेदकलाई स्वास्थ्य सेवाको छैठौं र विपक्षी राजेशप्रसाद यादवलाई पाँचौं पदमा पदस्थापन गरेको सोही न.पा.को पत्रहरुबाट देखिन्छ। पुनः माधव नारायण न.पा.ले मिति २०७७।६।८ मा विपक्षी राजेशप्रसाद यादवलाई निवेदकभन्दा माथिल्लो पद (स्वास्थ्य सेवाको अधिकृत सातौं तहको) संयोजकको जिम्मेवारी तोकी निवेदकलाई सहसंयोजक कायम गरिएको उक्त न.पा. को पत्रबाट देखिन्छ। यस स्थितिमा सुविधा सन्तुलनको दृष्टिबाट विचार गर्दा, अन्तरिम आदेश जारी नभएको स्थितिमा निवेदकलाई अपुरणीय क्षति पुग्ने अवस्था विद्यमान रहेको देखियो। अतः प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निट निवेदक दीपेन्द्रप्रसाद साहलाई माधव नारायण न.पा. को स्वास्थ्य सेवाको संयोजकको पदबाट नहटाउनू, निजको हकमा माधव नारायण न.पा. को मिति २०७७।६।८ को निर्णय तत्काल कार्यान्वयन नगरी यथास्थितिमा राख्नू भनी यस अदालतबाट मिति २०७७।६।३० मा भएको अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरिदिएको छ।

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(१) बमोजिम सोको सूचना विपक्षीहरुलाई दिनू भन्ने यस अदालतको मिति २०७७।१०।१०।४ को आदेश।

४) माधव नारायण नगरपालिकाको स्वास्थ्य शाखामा गत आ.व.०७६/०७७ देखि नै जन-स्वास्थ्य अधिकृत सातौं तहको दरबन्दी रिक्त रहेकोमा नेपाल सरकारले प्रकाशन गरेको नगरपालिकाको दरबन्दी तेरिजमा नगरपालिकाको कार्यालयमा सि.अ.हे.व.छैठौं तहको दरबन्दी नरहेको, सोही दरबन्दी तेरिजमा जनस्वास्थ्य निरीक्षक छैठौं तहको दरबन्दी उल्लेख रहेको र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ३ मा ज्येष्ठता सम्बन्धी भएको बाध्यात्मक कानूनी प्रावधान अनुसार हेल्थ इन्सपेक्सन समूहमा जनस्वास्थ्य निरीक्षक छैठौं तह ज्येष्ठता क्रममा माथि क्रम संख्या २३ मा र सि.अ.हे.व. अधिकृत छैठौं तह सोभन्दा तल मुनि क्रम संख्या २४ मा उल्लेख रहेको अर्थात ज्येष्ठता क्रममा जन स्वास्थ्य निरीक्षक अधिकृत छैठौं तहभन्दा सि.अ.हे.व. अधिकृत छैठौं तह दर्जामा सानो (Junior) र जनस्वास्थ्य निरीक्षक अधिकृत छैठौं तह ज्येष्ठतामा वरिष्ठ (Senior) रहेको र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग टेकु, काठमाण्डौंको प.सं.०७६/०७७ च.नं.पारामेडिक्स/७८९ मिति २०७७।०३।३१ गतेको स्तरबृद्धि र पदनाम सम्बन्धको पत्रद्वारा जनस्वास्थ्य निरीक्षक छैठौं तह पदमा स्तरवृद्धि भई आएका राजेशप्रसाद यादवलाई यस नगरपालिकाको कार्यालयमा पदस्थापना गरी हाल नगरपालिकाको स्वास्थ्य शाखाको सातौं तहको स्वास्थ्य संयोजकको पद रिक्त रहेको अवस्थामा यस नगरपालिकाको कार्यालयमा सातौं तहको कर्मचारी हाजिर नहुञ्जेलसम्मका लागि स्वास्थ्य संयोजकको रुपमा कामकाज गर्ने गरी स्वास्थ्य संयोजकको जिम्मेवारी दिने गरी यस नगरपालिकाको मिति २०७७।०४।२१ गतेको टिप्पणी आदेशबमोजिम यस नगरपालिकाको स्वास्थ्य शाखामा नगरपालिकाको दरबन्दी तेरिजबमोजिम सातौं तह अधिकृत पद रिक्त रहेको अवस्थामा स्वास्थ्य शाखाको संयोजक भई कामकाज गर्न म राजेशप्रसाद यादवलाई जिम्मेवारी तोकिएको हुँदा सोही अनुसार कामकाज गर्दै आएकोमा सो यस नगरपालिकाको मिति २०७७।०४।२१ गतेको टिप्पणी आदेशउपर यी विपक्षीको कुनै उजुर बाजुर नपरेको साथै नेपाल सरकारले प्रकाशन गरेको नगरपालिकाको दरबन्दी तेरिजमा नगरपालिकाको कार्यालयमा सि.अ.हे.व. छैठौं तह दरबन्दी नरहेको हुँदा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ३ मा उल्लेख भएअनुसार

यी विपक्षी निवेदकको पद सि.अ.हे.व.अधिकृत छैठौं तहभन्दा ज्येष्ठताको क्रममा जनस्वास्थ्य निरीक्षक अधिकृत छैठौं तह वरिष्ठ रहेको हुँदा प्रस्तुत मुद्दा दिन हकदैया नै यी निवेदकको नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध छ ।

अनुसूची २.१ स्वास्थ्य चौकी तराई र उपत्यका जिल्ला (१४१९ संस्था) को दरबन्दी तेरिजलाई हेर्दा, सहायक ५ तह स्वा.हे.इ.स्वा.सेवाको ५ तहका सि.अ.हे.व. मध्ये जेष्ठता क्रममा पाँचौं तहमा लोकसेवा आयोगको प्रक्रिया पूरा गरी सेवा प्रवेश गरेकोलाई स्वास्थ्य चौकीको इन्चार्जमा हुने कानूनी प्रावधान रहेको छ र यी निवेदक चौथो तहमा र म राजेशप्रसाद यादव पाँचौं तहमा लोकसेवा आयोगको प्रक्रिया पूरा गरी सेवामा प्रवेश गरेको समेतबाट यी निवेदकभन्दा राजेशप्रसाद यादव ज्येष्ठता क्रममा वरिष्ठ रहेको तथ्य देखिएकै छ साथै अनुसूची १.१ नगरपालिका स्वास्थ्य शाखाको संगठन संरचना (२७६) मा तथा अनुसूची २ः१ नगरपालिका शाखाको दरबन्दी तेरिज (२७६) मा स्वास्थ्य निरीक्षक अधिकृत छैठौं तहको दरबन्दी रहेको र सि.अ.हे.व.अधिकृत छैठौं तहको दरबन्दी नरहेको तथापि उक्त अनुसूची २.१ मा भएको रोलक्रमानुसार छैठौं तहका जनस्वास्थ्य निरीक्षक, हे.अ.अधिकृत त्यसपछि सि.अ.हे.व.को पद उल्लेख भएको समेतबाट यी निवेदक छैठौं तह सि.अ.हे.व.भन्दा म राजेशप्रसाद यादव कार्यरत रहेको पद जनस्वास्थ्य निरीक्षक अधिकृत छैठौं तह ज्येष्ठता क्रममा वरिष्ठ रहेको तथ्य कानूनतः स्थापित भई रहेकै छ ।

सुनकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मुलखर्क, ओखलढुङ्गामा हे.अ छैठौं तह अधिकृत (जनस्वास्थ्य निरीक्षक) र सि.अ.हे.व.छैठौं तह (सि.अ.हे.व.छैठौं अधिकृत) मध्ये कुन पदमा कार्यरत स्वास्थ्यकर्मी ज्येष्ठता रहेको भन्ने स्पष्टता हुन नसकेकोले सोको यकीन गरी विवरण खुलाई पठाई दिन हुन च.नं.२६६ मिति २०७६।०७।१५ गतेको पत्रानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामसाह पथ, काठमाडौंमा पत्राचार गरिएकोमा सो दुई पदमध्ये हे.अ.छैठौं तह अधिकृत (जनस्वास्थ्य निरीक्षक) ज्येष्ठ तथा इन्चार्ज हुने भनी श्री जनस्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तोक आदेशमा उल्लेख भएको हुँदा विपक्षी निवेदक कार्यरत रहेको पद सि अ.हे.व छैठौं तह अधिकृतभन्दा म राजेशप्रसाद यादव कार्यरत रहेको पद हे.अ.छैठौं तह अधिकृत (जन स्वस्थ्य निरीक्षक अधिकृत) ज्येष्ठता क्रममा वरिष्ठ रहेको तथ्य देखिएकै छ।

स्तरवृद्धि कसरी हुन्छ ? स्तरवृद्धि भनेको के हो ? स्तरवृद्धि हुँदाहुँदै पनि कसले कुन तहको काम गर्नु पर्छ? आधार पद के हो? हे.अ.छैठौं तह अधिकृत (जनस्वास्थ्य निरीक्षक अधिकृत) र सि.अ.हे.व.छैठौं तह अधिकृतमध्ये कसको मूलभूत योग्यता के कति छ ? यसबारे स्पष्ट हुन जरुरी छ। जनस्वास्थ्य निरीक्षक छैठौं तह अधिकृतको आधार पद हे.अ. हो र मूलभूत शैक्षिक योग्यता ३ वर्षको पाठ्यक्रम उत्तीर्ण भएको हुनुपर्छ र शुरु नियुक्ति पाँचौं तहमा हुन्छ भने सि.अ.हे.व. अधिकृत छैठौं तहको आधार पद अ.हे.व. चौथो तह हो, जुन स्तरवृद्धिको पत्रले स्पष्ट पार्दछ तथा जसको मूलभूत शैक्षिक योग्यता १५ महिनाको तालिम हुन्छ र यस हिसाबले पनि सि.अ.हे.व. छैठौं तह अधिकृतभन्दा स्वास्थ्य निरीक्षक छैठौं तह अधिकृत नै ज्येष्ठता क्रममा वरिष्ठ हो। स्थानीय तह हाल स्वास्थ्यको दरबन्दी तेरिज अनुसार समान तहमा हे.अ. भए हे.अ. नै वरिष्ठ हुने प्रावधान रहेको समेतबाट प्रस्तुत रिट निवेदनको खारेजी बाहेक अरु कुनै विकल्प नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको माधव नारायण नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, माधोपुर, रौतहट र जन स्वास्थ्य निरीक्षक छैठौं तहमा कार्यरत राजेशप्रसाद यादवसमेतको तर्फबाट यस अदालतमा परेको संयुक्त लिखित जवाफ।

## आदेश खण्ड।

५) नियमबमोजिम इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरी रिट निवेदक दीपेन्द्रप्रसाद साहको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री दिपनारायण साहले रा.प.अनं. द्वितीय श्रेणी प्राविधिक अ.हे.व. पदमा सेवा प्रवेश गरी मिति २०५९।२।१४ मा पाँचौं तहमा स्तरवृद्धि भई मिति २०६९।९।२० गते सि.अ.हे.व. छैठौं तहमा स्तरवृद्धि भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम मिति २०७६।४।२३ मा माधव नारायण नगरपालिका रौतहटमा समायोजन भई नगरपालिकाको स्वास्थ्य संयोजक भई कामकाज गरी आएकोमा विपक्षी माधव नारायण नगरपालिकाको मिति २०७७।६।८ को पत्रले मिति २०७७।३।३१ को निर्णयबमोजिम अधिकृत छैठौं तहमा स्तरवृद्धि भएका विपक्षी राजेशप्रसाद यादवलाई नगरपालिकाको स्वास्थ्य शाखाको संयोजक भई कामकाज गर्ने जिम्मेवारी दिएको हुँदा म भन्दा जुनियरलाई संयोजक र मलाई सहसंयोजकको काम गर्ने गरी भएको माधव नारायण नगरपालिकाको मिति २०७७।६।८ को निर्णय बदर गरी दीपेन्द्रप्रसाद

साहलाई साबिकबमोजिम स्वास्थ्य शाखाको संयोजक भई काम गर्न दिनू भनी आदेश जारी गरी पाउँसमेत भनी र विपक्षी राजेशप्रसाद यादवसमेतको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री प्रसन्नकृष्ण दासले राजेशप्रसाद यादवले हेल्थ असिष्टेन्टको आधारभूत ३ वर्षे शैक्षिक योग्यता पूरा गरी लोकसेवा आयोगबाट हे.अ. पाँचौंमा नाम निकाली सेवा गर्दै आएकोमा मिति २०७६।१०।१ देखि जेष्ठता कायम हुने गरी जनस्वास्थ्य निरीक्षक अधिकृत छैठौं तहमा मिति २०७७।३।३१ को स्वास्थ्य सेवा विभागको निर्णयले स्तरबृद्धि भई माधव नारायण नगरपालिकामा कामकाज गर्दै आउनु भएकोमा हाल स्वास्थ्यतर्फ नगरपालिकामा जन स्वास्थ्य निरीक्षक सातौं तहको समायोजन हुने दरबन्दी तेरिजमा उल्लेख भएकोले सातौं तहको अधिकृत दरबन्दी रिक्त भएको हुँदा माधव नारायण नगरपालिकाको टिप्पणी आदेशबमोजिम सातौं तहको कर्मचारी हाजिर नभएसम्म नगरपालिकाको स्वास्थ्य शाखाको संयोजक भई कामकाज गर्ने गरी मिति २०७७।६।८ को पत्रले राजेशप्रसाद यादवलाई जिम्मेवारी तोकिएको हुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाउँसमेत भनी गर्नु भएको बहससमेत सुनियो।

६) अब, निवेदन मागबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी हुने होइन ? भन्ने विषयमा निर्णय दिनु पर्ने देखियो।

७) निर्णयतर्फ विचार गर्दा, म निवेदक दीपेन्द्रप्रसाद साह रा.प.अनं. द्वितीय श्रेणीको प्राविधिक अ.हे.व. पदबाट सेवा प्रवेश गरी स्तरबृद्धि हुँदै मिति २०६९।९।२० मा स्वास्थ्य सेवाको हे.ई. समूहको अधिकृत छैठौं तहमा स्तरवृद्धि भई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिवस्तरको मिति २०७६।४।२३ को निर्णयानुसार अधिकृत छैठौं तहको सि.अ.हे.व अधिकृत पदमा माधव नारायण नगरपालिका रौतहटमा समायोजन भई माधव नारायण नगरपालिकाको मिति २०७६।७।३ को निर्णयानुसार सोही नगरपालिकाको स्वास्थ्य शाखाको संयोजक भई कामकाज गर्दै आएको थिएँ। स्वास्थ्य सेवा विभागको मिति २०७७।३।३१ को निर्णयानुसार स्तरवृद्धि भई अधिकृत छैठौं तहको जनस्वास्थ्य निरीक्षक पदनाम दिइएका विपक्षी राजेशप्रसाद यादवलाई माधव नारायण नगरपालिकाको स्वास्थ्य शाखाको संयोजकको जिम्मेवारी दिने गरी विपक्षी नगरपालिकाबाट मिति २०७७।४।२१ मा सदर भएको टिप्पणी आदेशानुसार मिति २०७७।६।८ गतेको जिम्मेवारी तोकिएको पत्रबमोजिम मभन्दा जुनियर कर्मचारीलाई संयोजकको जिम्मेवारी दिई म सिनियर कर्मचारीलाई सहसंयोजक भई

निजको मातहत रही कामकाज गर्ने गरी तोकिएको निर्णय एवं पत्रले मेरो संविधान एवं कानून प्रदत्त हकको प्रचलनमा आघात परेकोले विपक्षी नगरपालिकाको उक्त गैरकानूनी निर्णय उत्प्रेषणको आदेशले बदर गरी माधव नारायण नगरपालिकाको स्वास्थ्य शाखाको संयोजक पदमा साबिकबमोजिम नै मलाई कामकाज गर्न दिनू भनी विपक्षीका नाममा परमादेशसमेत जारी गरी पाउँ भन्ने मुख्य निवेदन दाबी रहेको देखियो।

८) नेपाल सरकारले प्रकाशन गरेको नगरपालिकाको दरबन्दी तेरिजमा जनस्वास्थ्य निरीक्षक छैठौं तहको दरबन्दी उल्लेख भएको, सि.अ.हे.व. छैठौं तहको दरबन्दी नरहेको, स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ३ मा हेल्थ इन्सपेक्सन समूहको जेष्ठताक्रममा जनस्वास्थ्य निरीक्षक छैठौं तहभन्दा सि.अ.हे.व. छैठौं तह सानो रहेको, जनस्वास्थ्य निरीक्षक छैठौं तहको आधार पद पाँचौं स्तरको हे.अ. हो भने सि.अ.हे.व. को आधार पद चौथो तहको अ.हे.व. हो। जनस्वास्थ्य निरीक्षक छैठौं तहको मूलभूत शैक्षिक योग्यता ३ वर्षको पाठ्यक्रम उत्तीर्ण भएको हुन पर्दछ भने सि.अ.हे.व. छैठौंको शैक्षिक योग्यता १५ महिनाको तालिम मात्र हुन्छ। तसर्थ सि.अ.हे.व. छैठौं तहको अधिकृतभन्दा जनस्वास्थ्य निरीक्षक छैठौं तहको शैक्षिक योग्यता माथि हुने, लोकसेवाबाट हे.अ. पदमा पाँचौंमा प्रवेश गर्न पर्ने, जेष्ठता क्रममा माथि हुने, नगरपालिकाको स्वास्थ्यतर्फको दरबन्दी तेरिजमा सि.अ.हे.व छैठौं तहको दरबन्दीसमेत नभएको अवस्थामा माधव नारायण नगरपालिकाको २०७७।।४।२१ को टिप्पणी आदेशानुसार राजेशप्रसाद यादवलाई स्वास्थ्य शाखाको संयोजकको जिम्मेवारी दिने गरी मिति २०७७।६।८ मा भएको पत्राचारसमेत कानूनबमोजिम नै भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको विपक्षी माधव नारायण नगरपालिका र राजेशप्रसाद यादवसमेतको संयुक्त लिखित जवाफ रहेको देखियो।

९) निवेदक दीपेन्द्रप्रसाद साह र विपक्षी राजेशप्रसाद यादव नेपाल स्वास्थ्य सेवा हेल्थ इन्स्पेक्सन समूहको छैठौं तहको अधिकृत भएकोमा विवाद देखिएन। निजहरुको विवरण तपसिलबमोजिम रहेको पाइयो।

<u>तपसिल</u>

| क्र.सं. | विवरण | दीपेन्द्रप्रसाद साह सि.अ.हे.व (छैठौं तह) | राजेशप्रसाद यादव जन-स्वास्थ्य निरीक्षक (छैठौं तह) |
|---|---|---|---|
| १. | आवश्यक शैक्षिक योग्यता | १५ महिने तालिम | ३ वर्षको पाठ्यक्रम उत्तीर्ण |
| २. | आधार पद | सहायक चौथो (अ.हे.व.) | सहायक पाँचौं (हे.अ.) |
| ३. | सेवा प्रवेश पद | रा.प.द्वितीय (प्राविधिक) अ.हे.व. | सहायक पाँचौं (हे.अ.) |
| ४. | स्तरवृद्धि भएको | सि.अ.हे.व. छैठौं तह | जनस्वास्थ्य निरीक्षक छैठौं तह |
| ५. | जेष्ठताको मर्यादाक्रम | २४ नम्बरमा | २३ नम्बरमा |
| ६. | नगरपालिकाको स्वास्थ्यतर्फ दरबन्दी तेरिजमा दरबन्दी भए/नभएको | नभएको | भएको |

१०) उल्लिखित विवरणसँग सम्बन्धित मिसिल संलग्न कागजातहरु अध्ययन गरी हेर्दा, सि.अ.हे.व को आधार पद सहायक चौथो अ.हे.व. भएको, निवदेक दीपेन्द्रप्रसाद साह अ.हे.व. चौथोस्तर प्राविधिक (रा.प. अनं द्वितीय सरह) पदमा सेवा प्रवेश गरी सहायक पाँचौं सि.अ.हे.व. मा स्तरवृद्धि भई आएको र निज अधिकृत छैठौं सि.अ.हे.व. मा स्तरवृद्ध भई हाल विपक्षी माधव नारायण नगरपालिकामा पदस्थापना भई कामकाज गर्दै आएको देखियो।

११) विपक्षी राजेशप्रसाद यादवको सेवा प्रवेश नै हे.अ. सहायक पाँचौं तहको पदमा भै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७।३।३१ को निर्णयानुसार मिति २०७६।१०।१ देखि जेष्ठता कायम हुने गरी नेपाल स्वास्थ्य सेवाको हेल्थ इन्स्पेक्सन समूह सहायक पाँचौं हे.अ. पदबाट अधिकृत छैठौं जनस्वास्थ्य निरीक्षक पदमा स्तरवृद्धि भएको देखियो। अ.हे.व. को आधार पदका लागि १५ महिने तालिम आवश्यक पर्ने र हे.अ. को लागि ३ वर्ष कोर्ष उत्तीर्ण गरेको हुनुपर्ने देखिएको र विपक्षी राजेशप्रसाद यादवले स्वास्थ्य विज्ञानमा ३ वर्षको शैक्षिक योग्यता हासिल गरेको मिसिल संलग्न Academic Transcript बाट देखियो।

१२) स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ३ मा हेल्थ इन्स्पेक्सन समूहमा जनस्वास्थ्य निरीक्षक छैठौं तह जेष्ठता क्रममा क्रमसंख्या २३ मा र सि.अ.हे.व. अधिकृत छैठौं क्रमसंख्या २४ मा रहेको देखियो। यसरी हेर्दा, सि.अ.हे.व. छैठौं

भन्दा जनस्वास्थ्य निरीक्षक वरिष्ठता क्रममा माथि रहेको पाइयो। साथै अनुसूची १.१ नगरपालिकाको स्वास्थ्य शाखाको संगठन संरचना (२७६) दरबन्दी तेरिजमा नगरपालिकामा जनस्वास्थ्य निरीक्षक अधिकृत छैठौं तहको दरबन्दी रहेको देखियो र सि.अ.हे.व अधिकृत छैठौं तहको दरबन्दीसमेत रहेको पाइएन।

हे.अ. अधिकृत छैठौं जनस्वास्थ्य निरीक्षक र सि.अ.हे.व. अधिकृत छैठौं भन्ने कुन स्वास्थ्यकर्मी जेष्ठ हुने भनी सुनकोशी गाउँपालिका ओखलढुंगाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा च.नं.२६६ मिति २०७६।७।१५ मा पत्र पठाई सोधनी भएकोमा पालिका अन्तर्गत रहेको स्वास्थ्य चौकीमा हे.अ. र सि.अ.हे.व. रहेकोमा २ जनामध्ये हे.अ. इन्चार्ज हुने व्यवस्था हे.पो. संगठन तालिकामा उल्लेख भएको भनी मन्त्रालयबाट भएको तोक आदेशमा उल्लेख भएको मिसिल संलग्न पत्रको प्रतिलिपिबाट देखिन आयो।

१३) माधव नारायण नगरपालिकाको मिति २०७७।४।२१ को टिप्पणी आदेशको व्यहोरा हेर्दा, हाल नगरपालिकाको स्वास्थ्य शाखामा सातौं तहको स्वास्थ्य संयोजकको पद रिक्त रहेकोले सातौं तहको कर्मचारी हाजिर नहुञ्जेलसम्मको लागि जनस्वास्थ्य निरीक्षक छैठौं तहका राजेशप्रसाद यादवलाई स्वास्थ्य संयोजकको रुपमा कामकाज गर्ने गरी जिम्मेवारी दिन उपयुक्त हुने देखिंदा सो अनुसार जिम्मेवारी दिने गरी निर्णय भएको देखिएबाट निज राजेशप्रसाद यादव विपक्षी नगरपालिकामा सातौं तहको कर्मचारी हाजिर नभएसम्मका लागि काम चलाउ स्वास्थ्य संयोजकको रुपमा तोकिएको पाइयो।

१४) तसर्थ, माथि उल्लेखित आधार, कारणबाट सि.अ.हे.व. अधिकृत छैठौं तहको भन्दा हे.अ. जनस्वास्थ निरीक्षक अधिकृत छैठौं तहको शैक्षिक योग्यता, आधार पद, सम्पादन गर्नु पर्ने कार्य, जेष्ठताको मर्यादा, नगरपालिकाको स्वास्थ्यतर्फको संगठन तालिकासमेतका आधारमा मर्यादाक्रम माथि रहेको देखिँदा विपक्षी माधव नारायण नगरपालिका रौतहटको मिति २०७७।४।२१ को निर्णयानुसार मिति २०७७।६।८ को पत्रले राजेशप्रसाद यादवलाई उक्त नगरपालिकाको स्वास्थ्य शाखाको संयोजक भई कामकाज गर्ने गरी जिम्मेवारी तोक्ने निर्णय संविधान एवं कानून प्रतिकूल रहेको भन्न मिल्ने नदेखिएकाले सो निर्णयबाट निवेदक दीपेन्द्रप्रसाद साहको संविधान एवं कानून प्रदत्त हक अधिकारमा आघात परेको रहेछ भन्न मिल्ने नदेखिंदा निजको निवेदन जिकिरबमोजिम गरी पाउँ भन्ने निवेदक पक्षका कानून व्यवसायीको बहस बुँदा र यस

अदालतको मिति २०७७।९।३० को अन्तरिम आदेशलाई निरन्तर दिने गरी मिति २०७७।८।१० मा भएको अन्तरिम आदेशसँग सहमत हुन सकिएन।

१५) अतः माथि विवेचित आधार, कारणबाट निवेदन मागबमोजिम उत्प्रेषण परमादेशसमेतको आदेश जारी गर्नु पर्ने अवस्था विद्यमान नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। साथै रिट निवेदन खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०७७।६।३० मा भएको अन्तरिम आदेशलाई निरन्तरता दिने गरी मिति २०७७।८।१० मा भएको अन्तरिम आदेशसमेत निष्कृय हुने ठहर्छ। आदेशको प्रतिलिपिसहित आदेशको जानकारी निवेदक र विपक्षीहरुलाई दिई प्रस्तुत आदेशको विद्युतीय प्रतिलिपि अप्लोड गरी निवेदन दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत (उपसचिव) : हेमराज तिमिल्सैना

कम्प्युटर : अमिररत्न महर्जन

इति सम्वत् २०७९ साल असार २१ गते रोज ३ शुभम्---------------------------।